# नेपाल स्वास्थ्यको लागि पानी (नेवा)
# कार्य विवरण

**पद : वरिष्ठ स्वच्छता तथा सरसफाइ सहजकर्ता (SHSF)**

**पदीय दायित्वको संक्षिप्त विवरण :**

तोकिएको समुदायमा सरसफाइ तथा स्वच्छता प्रवर्धन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरी अपेक्षित उपलब्धी सहित सम्पन्न गर्नको लागि आयोजनाको योजना, कार्यान्वयन तथा मुल्याङ्कन गर्ने । लैङ्गिक तथा सामाजिक समावेशीकरणको मुद्धालाई नेवाको नीति अनुसार कार्यान्वयन गरी त्यसको सुनिश्चितता गर्नु ।

**सुपरीवेक्षक :**

प्रदेश कार्यालयमा कार्यरत खानेपानी, सरसफाइ तथा स्वच्छता सुपरभाईजर/अफिसर ‘‘सुपरीवेक्षक’’ प्रति जिम्मेवार रहनेछन साथै सम्वन्धित खानेपानी तथा सरसफाइ आयोजनाहरु हेर्नको लागि नेवावाट तोकिएको टिम लिडर तथा अन्य कर्मचारीसंगको समन्वयमा काम गर्ने ।

**निजले सम्पादन गर्नु पर्ने मुख्यकामहरु :**

- आयोजनाको सामाजिक,सरसफाइ तथा स्वच्छता कार्यक्रम अघि बढाउन खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, सामुदायिक स्वच्छता तथा सरसफाइ स्वयंसेवकलाई सामुदायिक कार्य योजना (Community Action Plan) तयार गर्न तथा कार्य योजना अनुसार कार्यान्वयन गर्न सहजीकरण गर्ने ।
- समुदायमा संचालन गरिने विभिन्न तालिम, गोष्ठिहरु संचालन गर्नको लागि सहजीकरण गर्ने, सहयोग गर्ने तथा शैक्षिक सामाग्रीको व्यवस्थापन तथा प्रयोग गर्ने / गराउने ।
- समुदायमा संचालन गरिने सरसफाइ तथा स्वच्छता अभियानहरु संचालन गर्न सम्वन्धित कर्मचारीहरु तथा उपभोक्ता समितिलाई सहयोग तथा सहजिकरण गर्ने ।
- पूर्ण सरसफाई कार्यकम संचालनको लागि सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई सहजीकरण गर्ने ।
- खानेपानी सुरक्षा योजनालाई प्रभावकारी ढंगले लागु गर्न सहजीकरण गर्ने एंव पानी शुद्धीकरण सम्बन्धी कार्यलाई सफल गर्न भुमिमा निर्वाह गर्ने ।
- WASH Mart Establish गर्न,सरसफाइ तथा स्वच्छताका भौतिक संरचना (चाङ्ग, चर्पि, फोहोर फाल्ने खाडल, टुटी भएको बाल्टिन ईत्यादि) निर्माण तथा प्रयोगका लागि सहजकिरण गर्ने ।
- पूर्ण सरसफाइ मार्गदर्शन २०७३ बमोजिम खानेपानी स्वच्छता तथा सरसफाइ सम्वन्धी हालको अवस्थाको बिश्लेषण गरी देख्न चाहेको समुदायको अवस्था अनुसारका पूर्ण सरसफाईका ५+१ विषय र सूचकहरु तयार गर्न सहजीकरण र सहयोग गर्ने र सफा तथा स्वच्छ समुदाय घोषणाको लागि सहयोग गर्ने ।
- पूर्ण सरसफाइ मार्गदर्शन २०७३ बमोजिम व्यक्तिगत सरसफाइ अन्तर्गतको महीनावारी व्यवस्थापनलाई केन्द्रित गरी मर्यादित महिनावारीको बारेमा समुदायमा जनचेतना मुलक कार्यक्रम संचालन गर्न रचनात्मक भूमिका निर्वाह गर्ने ।

- समुदाय तथा विद्यालयलाई सफा र स्वच्छ गाउ/विद्यालय बनाउन  सहजीकरण गर्ने ।
- खानेपानी  स्वच्छता तथा सरसफाइ सम्वन्धी जनचेतना मुलक कार्यक्रम र्‍याली, दोहोरी गित, हाजिर जबाफ प्रतियोगिता, भिडीयो प्रदर्शन, माइकीङ्ग, घर भेटजस्ता कार्यक्रम संचालन गरि दिसापिसाबको उचित विसर्जन, फोहर व्यबस्थापन, खेरगएको पानी करेसाबारी जस्ता व्याबहारिक कुरा जानकारी गराई पूर्ण सरसफाइ उन्मुख सफा तथा स्वच्छ समुदाय घोषणाको लागि Triggering गर्ने तथा अनुगमन गर्ने सहयोग पुरयाउने ।
- सफा र स्वच्छ घरका सुचकहरुको अनुगमन गरी नेवाले तयार गरी पठाएको घरपरिवार अनुगमन चार्ट अध्यावधिक गर्ने ।
- समुदायमा स्वच्छता तथा सरसफाई सम्बन्धी चेतना वृद्धि गर्न तथा पूर्ण सरसफाईका सुचकहरुको बारेमा समुदायमा जानकारी गराई सुचकहरु पूरा गर्न प्रोत्साहित गर्न टोल शिक्षा ( Group Education ) संचालन गर्नुपर्ने ।
- नेवाको लैङ्गिक तथा सामाजिक समावेशीकरण अवधारणा तथा नीति अनुरुप कार्यक्रम संचालन सहजीकण गर्ने ।
- सम्वन्धित गाउँ/नगरपालिका तथा अन्य सरोकारवालाहरुसंग सरसफाइ तथा स्वच्छताको विषयमा सस्थाको तर्फवाट समन्वय गर्ने ।
- पालिका/वडा स्तरीय खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्मन्वय समिति तथा खानेपानी, तथा सरसफाइ उपभोक्ता समितिको नियमित बैठकमा सहभागी भई आवश्यक परामर्श दिई कार्यक्रममा देखिएमा समस्या समाधानको लागि पहल गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन साथै नयाँ आयोजनाको आधारभूत सर्वेक्षण गर्ने ।
- आफुले हेर्ने आयोजनाहरुको नियमित रुपमा नेवा प्रदेश कार्यालयमा प्रतिवेदन, घट्ना अध्ययन लेख एवम् आयोजनासंग सम्वन्भित फोटो खिचेर पेश गर्ने ।
- कार्यालय तथा आयोजना सम्वन्धी सुपरीवेक्षक दिएका तथा नेवावाट तोकिएको टिम लिडर र कर्मचारीसंगको समन्वयमा अन्य आवश्यक क्रियाकलापहरु सम्पादन गर्ने

**<u>योग्यता र अनुभव</u>**

कम्तीमा SLC /SEE/CMA उतीर्ण गरी ग्रामिण खानेपानी सरसरफाई तथा स्वच्छता सम्बन्धी कार्यमा कम्तिमा ३ वर्ष अनुभव प्राप्त वा,प्रवीणता प्रमाण पत्र तह/+२ (उच्च माध्यमिक शिक्षा) उतीर्ण गरी ग्रामिण खानेपानी सरसरफाई तथा स्वच्छता सम्बन्धी कार्यमा कम्तिमा २ वर्ष अनुभव प्राप्त ।

**<u>दक्षता :</u>**

- समुदायमा घुलमिल भई काम गर्न सक्ने ।
- सामाजिक परिचालन र सहजीकरण क्षमता भएको ।
- दुर्गम क्षेत्रमा रही काम गर्न  सक्ने ।
- कम्प्युटर (Word/ Excel) चलाउन सक्ने ।
- फिल्ड गतिविधिहरुको प्रतिबेदन तयार गर्न सक्ने ।